फोन नं.: ०८२-५२०२३३
दमकल ५२०३०५
५२०३२६
५२२०३६

# तुलसीपुर उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर, दाङ
५ नं. प्रदेश, नेपाल

पत्रसङ्ख्या :-
चलानी नं. :- ३९२६

मिति : २०७७।०।१४

श्री वडा नं. सर्व को कार्यालय

तुलसीपुर उपमहानगरपालिका दाङ्ग ।

विषय : स्मार्ट छोरीको बैंक खाता खोल्न सिफारीस गरी पठाउने सम्वन्धमा ।

प्रस्तुत विषयमा यस तुलसीपुर उपमहानगरपालिका महिला बालबालिका तथा सामाजिक विकास शाखाको आ.व.२०७७।०७८ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्मार्ट छोरी विहेवारी २० वर्ष पारी कार्यक्रम अन्तरगत यहि मिति २०७७ श्रावण १ गते ~~पछि~~ देखि जन्मिएका छोरीहरुको बैंक खातामा वार्षिक रु.१२००। (एक हजार दुई सय मात्र ।) जम्मा गर्ने कार्यक्रम अनुसार तहाँ वडामा जन्मिएका छोरीहरुको निम्नानुसारका कागजातहरु सहित खाता खोल्न सिफारीस सहित यस महिला बालबालिका तथा सामाजिक विकास शाखा तुलसीपुरमा पठाउनुहुन अनुरोध छ ।

**नि. प्रमुख प्रशासकीय अधिकृत**

**आवश्यक कागजातहरु :**

१. छोरीको जन्मदर्ताको प्रतिलिपि थान १

२. आमावुवाको विवाह दर्ता प्रमाण पत्रको प्रतिलिपि थान १

३.स्वास्थ्य संस्थामा सुत्केरी भएको प्रमाण पत्रको प्रतिलिपि थान १

४. छोरीको हालसालै खिचेको फोटो

५. संरक्षकको फोटो

६.सम्बन्धित वडा कार्यालयको सिफारीस

७. स्मार्ट छोरी यसै उपमहानरपालिकाको स्थायी वासीन्दा हुनु पर्नेछ ।

८. तुलसीपुर उपमहानगरपालिका **वडा नं.१ देखि वडा नं.८** सम्मका सेवाग्राहिले सिभिल बैंक लि.मा खाता खोल्नुपर्नेछ ।

९. तुलसीपुर उपमहानगरपालिका **वडा नं.९ देखि वडा नं.१९** सम्मका सेवाग्राहिले मेगा बैंक लि.मा खाता खोल्नुपर्नेछ ।

१०. छोरी जन्मि सकेपछि अन्यत्र कतैबाट वसाई सराई गरेकाले यो सुविधा प्राप्त गर्ने छैनन् ।

नोट : यो रकम तुलसीपुर उपमहानगरपालिकाको स्मार्ट छोरी विहेवारी २० वर्ष पारी कार्यक्रम कार्यान्वयन कार्यविधि अनुसार छोरी २० वर्ष हुँदासम्म वार्षिक रुपमा खातामा रकम जम्मा हुनेछ ।

उक्त रकम छोरी २० वर्ष पुगेपछि मात्र निकाल्न मिल्नेछ तर कार्यविधि अनुसार विशेष अवस्था सृजना भएमा मात्र २० वर्ष अगावै यस कार्यालयको सिफारीसमा निकाल्न सकिनेछ ।

बोधार्थ :

श्री जनस्वास्थ्य प्रवर्द्धन शाखा तुलसीपुर दाङ्ग : सम्बन्धित स्वास्थ्य चौकिहरुलाई उल्लेखित कार्यमा सहजिकरणका लागि आवश्यक सहयोग गरीदिनु हुन ।

नि. प्रमुख प्रशासकीय अधिकृत